नार्पा भूमि गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ०८** **संख्याः ५** **मितिः २०८१/१०/०७**

**भाग-२**

**नार्पा भूमि गाउँपालिका**

## नार्पा भूमि गाउँपालिकाको कर्मचारी पुरस्कार तथा सम्मान सम्बन्धी कार्यविधि, २०८१

गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मिति : २०८१।०९।२८

प्रस्तावनाः उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारी, विषयगत शाखा, वडा कार्यालय, स्वास्थ्य संस्था तथा अर्न्तगतका कार्यालयमा कार्यरत कर्मचारीलाई आगामी दिनहरुमा कार्यजिम्मेवारीमा थप हौसला तथा उत्प्रेरणा प्रदान गर्ने उदेश्यले पुरस्कार तथा सम्मान प्रदान गर्ने कार्यलाई पारदर्शी बनाउनका लागि नार्पा भूमि गाउँकार्यपालिकाले यो मापदण्ड बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यस मापदण्डको नाम “नार्पा भूमि गाउँपालिकाको कर्मचारी पुरस्कार तथा सम्मान सम्बन्धी मापदण्ड, २०८१” रहेको छ ।

ख. यो मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा**

क. “नार्पा भूमि गाउँपालिका” भन्नाले गाउँपालिका कार्यालय अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्था तथा अन्तर्गतका कार्यालयहरु सम्झनुपर्दछ ।
ख. “कर्मचारी” भन्नाले गाउँपालिका अन्तर्गत वडा कार्यालय, स्वास्थ्य संस्थामा कार्यरत स्थायी तथा करार कर्मचारीलाई जनाउँदछ ।
ग. “विषयगत शाखा” भन्नाले गाउँपालिकाको कार्यालय अन्तर्गतको शाखालाई जनाउँदछ ।
घ. “वडा कार्यालय” भन्नाले नार्पा भूमि गाउँपालिकाको ५ वटै वडालाई जनाउँदछ ।
ङ. “स्वास्थ्य संस्था” भन्नाले नार्पा भूमि गाउँपालिकाका सबै स्वास्थ्य संस्थाहरुलाई जनाउँदछ ।
च) “पुरस्कार तथा सम्मान” भन्नाले उत्कृष्ट कार्यसम्पादन तथा नतिजा प्राप्त गरेवापत कुनै पनि व्यक्ति, संस्था वा समितिलाई प्रदान गरिने नगद, जिन्सी वा सम्मान पत्रलाई सम्झनु पर्दछ ।

**३. सिफारिस गर्नुपर्ने:**(१)कार्यालयले जारी गरेको ७ (सात) दिने सूचना अवधिभित्र सम्बन्धित स्वास्थ्य संस्था, वडा एवम् शाखाबाट १/१ जना कर्मचारीको प्रत्येक वर्ष शाखा प्रमुख/स्वास्थ्य संस्था प्रमुखले सिफारिस गर्नुपर्नेछ ।
(२)स्वास्थ्य कार्यालयका कर्मचारीको हकमा स्वास्थ्य शाखा प्रमुखले, विषयगत शाखाका कर्मचारीको हकमा सम्बन्धित शाखा प्रमुखले, विषयगत शाखा प्रमुख र वडा सचिवको हकमा प्रमुख प्रशासकीय अधिकृतले, वडा कार्यालयका कर्मचारीको हकमा वडा सचिवले, प्रमुख प्रशासकीय अधिकृतको हकमा गाउँ कार्यपालिकाले सिफारिस गर्नुपर्नेछ ।

**४. अंकभार:** दफा ३ बमोजिमको सिफारिस गर्दा तपसिल बमोजिमको आधारहरुलाई विचार गरी सिफारिस गर्नुपर्नेछ ।
क. नियमितता (समयको पालना, पोशाक, कार्यालयमा अघिल्लो वर्षमा कार्यालय खुलेको अवधिमा कम्तिमा ८० % दिन उपस्थित भएको, इमान्दारिता, जवाफदेहिता) - **२० अङ्क**
ख. विषयवस्तुको ज्ञान, जिम्मेवारीको वहन क्षमता, समन्वय क्षमता तथा नेतृत्व क्षमता तथा कार्य सम्पादन सम्झौता अनुसारको कार्य - **२० अङ्क**
ग. सिर्जनशीलता, नवीन क्षमता, कम्प्युटर सीप, नवप्रवर्तनको ज्ञान र त्यसको प्रयोग - **२० अङ्क**
घ. शाखातर्फ LISA, FRA को नतिजा, वडातर्फ राजश्व संकलन, बजेट खर्च र सेवा प्रवाह, स्वास्थ्य संस्थातर्फ लाभग्राही तथा सेवाग्राहीको सन्तुष्टि र सेवा प्रवाहको परिणाम एवंम नतिजा - **२० अङ्क**
ङ. विगत २ वर्षको का.स.मु. बाट प्राप्ताङ्कको औसत - **२० अङ्क**

**५. सिफारिस गर्न नहुने:-** देहायको कर्मचारीलाई सिफारिस गर्न नहुने ।
क. कारबाही पाएकोमा सफाई पाएको ५ वर्ष नपुगेको ।
ख. नियुक्ति, सेवा तथा सरुवा भई आएको अवधि १ वर्षभन्दा कम रहेको
ग. कार्यसम्पादन मूल्याङ्कनमा कम्तीमा ९०% र LISA मा ६०% भन्दा कम प्राप्तङ्क भएकोमा ।

६. दफा ४ बमोजिम सिफासि भै प्राप्तङ्क साथ प्राप्त प्रस्ताव छानविन गरी सर्वोत्कृष्ट र उत्कृष्ट कर्मचारी छनौट गर्न देहाय बमोजिमको छनौट समिति रहनेछ ।

| | |
|---|---|
| क. गाँउपालिका अध्यक्ष | संयोजक |
| ख. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग. शिक्षा, स्वास्थ्य, योजना र प्राविधिक शाखाका प्रमुखहरु | सदस्य |
| घ. प्रशासन शाखा प्रमुख | सदस्य सचिव |

७. दफा ६ बमोजिमको समिति बैठक सञ्चालन कार्यविधि समिति आफैले तय गर्नेछ भने आवश्यकता अनुसार बैठक बस्न सक्नेछ ।

८. दफा ६ बमोजिमको समितिले पर्न आएका सिफारिसहरु अध्ययन गरी दफा ४ बमोजिमको आधार लिई १०० अङ्क मध्ये अधिकतम अङ्क ल्याउने कर्मचारीलाई सर्वोत्कृष्ट कर्मचारी पुरस्कार र त्यसपछिका २ (दुई) जना कर्मचारीलाई एवम् रितले उत्कृष्ट कर्मचारी सिफारिस गर्नुपर्नेछ ।

९. सर्वोत्कृष्ट र उत्कृष्ट कर्मचारी पुरस्कृत गर्दा देहाय बमोजिम पुरस्कृत एवम् सम्मानित गर्नुपर्नेछ ।
१) सवोत्कृष्ट कर्मचारी पुरस्कार - १ जना (राशी ५० हजार रुपैयाँ) ।
२) उत्कृष्ट कर्मचारी पुरस्कार - २ जना पुरस्कार (राशी २० हजार रुपैयाँ) ।

१०. दफा ८ बमोजिमको पुरस्कार तथा अनुसूची १ बमोजिमको सम्मान पत्र हरेक बजेट अधिवेशनको गाँउ सभामा वितरण गरिनेछ ।

११. संशोधन वा खारेज गर्न सक्नेः नार्पा भूमि गाँउ कार्यपालिकाले आवश्यक ठानेको खण्डमा मापदण्ड संशोधन तथा खारेज गर्न सक्नेछ ।

**अनुसूची १**

उत्कृष्ट कर्मचारी तथा स्वास्थ्यकर्मीलाई प्रदान गरिने प्रमाण-पत्रको ढाँचा

नार्पा भूमि गाँउपालिका
गाँउ कार्यपालिकाकाको कार्यालय,
च्याँखु, मनाङ्ग,
गण्डकी प्रदेश, नेपाल

**प्रमाण-पत्र**

नार्पा भूमि गाँउकार्यपालिकाको मिति ....................................को निर्णय अनुसार गाँउ कार्यपालिकाको कार्य सम्पादनमा पुऱ्याउनु भएको विशिष्ट योगदानको उच्च मूल्याङ्कन गर्दै तपाई श्री....................................लाई आ.व. .............................को सर्वोत्कृष्ट/उत्कृष्ट कर्मचारी/ /स्वास्थ्यकर्मी हुनु भएकोमा नगद पुरस्कार सहित स-धन्यवाद यो प्रमाण पत्र प्रदान गरिएको छ । साथै तपाईको उत्तरोत्तर प्रगति एवं उज्जवल भविष्यको कामना गर्दछौ ।

| | |
|---|---|
| .................................... | .................................... |
| नाम, थर | गाँउकार्यपालिका अध्यक्षको नाम, थर |
| **प्रमुख प्रशासकीय अधिकृत** | **गाँउपालिका अध्यक्ष** |

**आज्ञाले**
शुशिल लम्साल
प्रमुख प्रशासकीय अधिकृत